# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

नेपाली समाजको सांस्कृतिक बिशिष्टता, श्रम-प्रधान जीवनशैली र प्रकृति-सम्मानलाई उजागर गर्ने उँधौली, धान्यपुर्णिमा, ज्यापु दिवस तथा यःमरी पुन्हि पर्वका पावन अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

उँधौली प्रकृतिका पुजारी किराँत समुदायले मनाउने महत्वपूर्ण पर्व हो, जसले  प्रकृति र मानवबिचको सुमधुर सम्बन्धलाई  अभिव्यक्त गर्दछ। यस पर्वले किराँत समुदायको सांस्कृतिक पहिचान, परम्परा, जीवनशैली र सह-अस्तित्वको भावना अझ प्रगाढ  बनाउँछ।

धान्यपुर्णिमा कृषिप्रधान नेपाली समाजको श्रम, कर्मफल प्राप्ति र समृद्धिको प्रतिक हो। नयाँ धान भित्र्याएको उल्लाससहित प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्ने यस पर्वले किसानको मेहनत, धैर्य र भूमिसँगको जीवन्त सम्बन्धलाई स्मरण गराउँछ। आत्मनिर्भरता र उत्पादनशीलताको सन्देश यस पर्वमा प्रतिबिम्बित हुन्छ।

ज्यापु दिवस मौलिक संस्कृतिका धनी नेवार समुदायका ज्यापु किसानहरूले समाज, सभ्यता र कृषि प्रणालिमा पुऱ्याउँदै आएको ऐतिहासिक योगदानलाई सम्मान गर्ने महत्वपूर्ण अवसर हो। यःमरी पुन्हि नेवार समुदायद्वारा  नयाँ धानबाट बनेको तिल, चाकु र खुवा मिसाएर बनाएको यःमरि परिकार  खाएर मनाइने पर्व हो। समृद्धि, सु-स्वास्थ्य र भरपुर उत्पादनको प्रतिक मानिने यो पर्वले नेवारी परम्पराको स्वाद, कला र कारीगरीलाई प्रस्तावित पार्दछ।

चाडपर्वहरू हाम्रा अमूल्य  निधि हुन्। हाम्रो मौलिकता, सास्कृतिक बिबिधता र सम्पन्नता हाम्रो गर्वको विषय हो। यी पर्वहरूले हामी सबैलाई प्रदेश तथा राष्ट्रको समृद्धि, सुशासन, सामाजिक सद्भाव, दिगो विकास, आपसी सहकार्य र सह-अस्तित्वको मार्गमा एकताबद्ध भएर अघि बढ्न प्रेरणा प्रदान गर्ने बिश्वासका साथ पुनः सबैमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि र निरन्तर प्रगतिका लागि हार्दिक शुभेच्छा ब्यक्त गर्दछु।

**२०८२ साल मंसिर १७ गते, बिहीवार**
**ने.सं. ११४६ थिंलाथ्व: चतुर्दशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**